# गौर नगरपालिका

## स्थानीय राजपत्र

## गौर नगरपालिकाद्धारा प्रकाशित

खण्डः६ संख्याः६ मितिः२०७९/३/०२

भागः २

गौर नगरपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने)ऐन,२०७५ बमोजिम गौर नगरपालिकाको नगर कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ सालको कार्यविधि नं.६

गौर नगरपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धी (दोस्रो संसोधन ) कार्यविधि,२०७९

गौर नगरपालिकाको उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७४ मा आवश्यक संशोधन गर्न वाञ्छनीय भएकोले गौर नगरपालिकाको उपभोक्ता समिति गठन सम्बन्धी कार्यविधि २०७४ को दफा २१ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी गौर नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि सवीकृत गरेको छ ।

**मूल कार्यविधिको दफा ४ उपदफा १ को देहाय खण्ड ग को सट्टा देहायको खण्ड राखे ।**

ग.संघीय सरकारको योजना,प्रदेश सरकारबाट स्वीकृत योजना,विभिन्न संघ/संस्था तथा दातृ निकायको सहकार्यमा संचालन हुने योजना तथा नगरपालिका वा नगर स्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समितिको गठन गर्दा प्रमुखले तोकेको वडाअध्यक्ष वा कार्यपालिकाको कुनै सदस्य वा कार्यालयले तोकेको कर्मचारीको रोहवरमा गर्नु पर्नेछ ।

मूल कार्यविधिको दफा ५ उपदफा ६ को देहाय खण्ड छ पछि देहाय खण्ड ज राखे ।

ज.उपभोक्ता समितिले कार्यादेश पाएको ३० दिनभित्र कार्य प्रारम्भ नगरेमा सम्झौता स्वतः भंग भएको मानिनेछ ।

आज्ञाले,<br>
सुभाष कुमार ठाकुर<br>
नि.प्रमुख प्रशासकीय अधिकृत